ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिया

पत्र सं.: ०७४।०७५ कृषि शाखा, भगनाहा।

मिति: २०७४।०९।३० गते

चलानी नं.: ५३६

## कृषि यन्त्र ,औजार, उपकरण माग सम्बन्धी सूचना

यस नगरपालिकाको कृषि शाखा अन्तरगत चालु आ.व. ०७४।०७५ को वार्षिक स्वीकृत **कृषि प्रसार कार्यक्रम** मा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५०% अनुदानमा **५ थान पावर टेलर तथा ५ थान पावर स्प्रेयर** सहयोग गर्ने कार्यक्रम रहेकोले ईच्छुक कृषक समुह तथा कृषक सदस्यहरुले १५ दिन भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

नि. प्रशासकिय अधिकृत

आवश्यक कागजातहरु :

१. व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, मेशिनरी तालिम प्रमाण पत्रका प्रतिलिपी एवं मुक्त कमैया,हलिया एव सकुम्वासी, महीला,दलित तथा विपन्न भए सो को प्रमाण एवं सम्वन्धीत निकायको सिफारीस।

२. कम्तीमा १५ कठ्ठा जग्गा धनि प्रमाणपत्रको प्रतिलिपी /भाडामा भए लालपुर्जा सहित सम्झौता पत्र प्रतिलिपी।

३.समूह /सहकारीमा मार्फत भए माग गरीयको निर्णय प्रतिलिपी सहीत सिफारीस।

४. वडा कार्यालयको सिफारिस /नगर स्तरीय कृषक समन्वय समितिको सिफारिस एवं वेरोजगार /विदेशवाट फर्केको प्रमाण वा सम्वन्धी सिफारिस।

नि. प्रशासकिय अधिकृत

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सेमरी

पत्र सं.: ०७४/०७५ (कृषि शाखा, अनुगमन)	मिती: २०७४।०९।३० गते

चलानी नं. ५६१

**सुचना ।		सुचना ॥		सुचना ॥।**

विपय : प्रस्तावनामा आधारित कार्यक्रम (मागमा आधारित कार्यक्रम )प्रस्तावना माग सम्वन्धमा ।

प्रस्तुत विपय सम्वन्धमा बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका कृषि शाखाको आ.व. ०७४/०७५ को स्वीकृत कृषि प्रसार कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित बालीहरुमा प्रस्तावनामा आधारित कार्यक्रम (मागमा आधारित कार्यक्रम ) संचालन गर्नुपर्ने भएकोले यस नगरपालिका भित्र कृयाशिल सक्रीय कृषि समूह, कृषि सहकारी संस्था तथा निजी फार्महरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयको कृषि शाखामा आवेदन बुझाउन हुन यो सुचना गरिएको छ ।

नि. प्रशासकिय अधिकृत

**तपसिल**

**१.कन्ये च्याउ :**

➤कृषि सहकारी तथा कृपक समूहको प्रस्तावनामा आधारित कन्ये च्याउ उत्पादन साझेदारी कार्यक्रम-१ ,स्वीकृत अनुदान जम्मा रकम रु. २५,०००।-)

**२.तरकारी खेती क्षेत्र विस्तार :**

➤तरकारी खेती क्षेत्रविस्तार तथा मागमा आधारित कार्यक्रम-३ ( स्वीकृत अनुदान जम्मा रकम रु ७५,००० ।-)

**३. ताजा माछा उत्पादन :**

➤ कृषि सहकारी तथा कृपक समूहको प्रस्तावनामा आधारित ताजा माछा उत्पादन साझेदारी कार्यक्रम -१ ,(स्वीकृत अनुदान जम्मा रकम रु २५,०००।-)

**आवश्यक शर्त तथा कागजातहरु :**

१.प्रस्तावना पेश गर्ने समुह तथा व्यक्तीले व्यावशायीक खेती गर्ने मन्जुरीनामा गर्नु पर्ने छ ।
२.व्यावशायीक खेती भन्नाले च्याउ खेतीको हकमा कम्तीमा एक घर निर्माण १५० डल्ला राखेको,तरकारीको हकमा १० कठ्ठामा दुई सिजन खेती गरेको हुनु पर्ने,त्यस्तै माछाको लागी कम्तीमा ३ कठ्ठा जलाशायमा माछा पालन गरेको हुनुपर्ने छ ।
३.खेती गर्ने जग्गाको लालपुर्जा प्रतिलिपी एवं समुहमा खेती गर्न दिएको मन्जुरीनामा तथा व्यक्तीका लागी जग्गा धनी पुर्जाका साथै सम्झौता पत्र ।
४. प्रस्तावना पत्र । आशय पत्र थान १
५. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६.कार्यक्रम माग सम्वन्धी समूह सहकारी फार्मको बैठक निर्णय प्रतिलिपी ।
७.वडा कार्यलयको सिफारिस नगर स्तरीय कृपक समन्वय समितिको सिफारिस ।

**पुनश्च : माथि उल्लेखित कार्यक्रमहरु महिला, दलित, जनजाति, आदिवासी, सुकुम्वासी, मुक्त कमैया तथा विपन्न वर्ग एवं पछाडि परेका सिमान्तकृत वर्गका समुह तथा व्यक्तीहरुलाई प्राथमिकता दिईनेछ । साथै प्रस्तावना पत्रको फर्मेट कार्यलयको कृषि शाखामा निशुल्क प्राप्त गर्न सकिनेछ ।**

नि. प्रशासकिय अधिकृत

# ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पत्र सं. : ०७४।०७५ कृषि शाखा, बगनाहा

चलानी नं. ५३१

मिती: २०७४।०९।३० गते

सुचना । सुचना ॥ सुचना ॥।

**विषय** : युवा लक्षित स्वरोजगार कार्यक्रम (तरकारी,फलफुल,माछा लगायत नगदे बाली) मा आवेदन दिने सम्वन्धमा ।

प्रस्तुत विषयमा बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका कृषि शाखाको आ.व. अन्तर्गत ०७४ ०७५ मा स्वीकृत **आलु तरकारी तथा मसला विकास कार्यक्रम** तर्फ यश नगर क्षेत्र भित्र तरकारी,फलफुल,माछा लगायत नगदे बालीहरुको व्यावशायीक खेती गर्न इच्छुक युवाहरुलाई स्वरोजगार बनाउने उद्देश्य अनुरुप **३ जना युवा लाई अनुदान सहयोग** रहेकोले, युवा कृषकहरु मार्फत उक्त कार्यक्रम संचालनका लागी दरखास्त माग गरिएको छ यश नगरपालिका क्षेत्र भित्र कृयाशिल युवा कृषकहरुले तपसिल अनुसारको शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तल उल्लेखित आवश्यक कागजातहरु सलग्न राखी यस कार्यालयको कृषि शाखामा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

प्र. प्रशासकिय अधिकृत

आवश्यक कागजातहरु :

१. व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, तालिम प्रमाण पत्रका प्रतिलिपी एवं मुक्त कमैया,हलिया एवं सकुम्बासी, महीला,दलित तथा विपन्न भए सो को प्रमाण एवं सम्वन्धीत निकायको सिफारीस ।

२. पूर्ण रुपमा भरिएको प्रस्ताव फारम (प्राविधिक तथा आर्थिक) ।

३. जग्गा धनि प्रमाणपत्रको प्रतिलिपी /भाडामा भए लालपुर्जा सहित सम्झौता पत्र प्रतिलिपी ।

४. वडा कार्यालयको सिफारिस /नगर स्तरीय कृषक समन्वय समितिको सिफारिस एवं बेरोजगार/विदेशबाट फर्केको प्रमाण वा सम्वन्धी सिफारिस ।

५. समूह/सहकारीमा आवद्ध भए मार्फत भए निर्णय प्रतिलिपी सहीत सिफारीस ।

**पुनश्च :थप जानकारीका लागि ठाकुरबाबा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,कृषि शाखा , बगनाहा, बर्दियामा सम्पर्क राख्न हुन अनुरोध छ ।**

शर्तहरु :

१.युवा भन्नाले आर्थिक हिसावले १८-५० वर्ष उमेरका सक्रिय (Economically Active) महिला तथा पुरुषहरु भन्ने बुझिन्छ ।

२.प्रति व्यक्ती यश **आलु तरकारी तथा मसला विकास कार्यक्रम** अन्तर्गत अधिकतम अनुदान रु ६०,०००।- **अक्षरुपी साठी हजार रुपैंया मात्र** ) उपलब्ध गराइनेछ ।

क्रमश.................

प्रमुख प्रशासकिय अधिकृत

३.प्रस्तावक युवा नेपाली नागरिक ,बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका भित्र बसोबास गरी व्यावशायीक खेती मा लागेको जग्गाको जग्गा धनी पुर्जा तथा भाडामा लिएको करारनामा साथमा संलग्न हुनुपर्नेछ।

४.प्रस्तावित बाली मौसम सुहाउदो एक वा बहुवर्षे बाली, हावापानी अनुकूल तथा आवश्यक सबै पूर्वाधार हरुको पहुच भएको वा हुन सक्ने हुनु पर्नेछ।

५.अन्य सरकारी तथा गै.स.स. मार्फत साझेदारीमा संचालन हुने भए प्रस्तावमा स्पष्ट किटान गरी उल्लेख गर्नुपर्नेछ।

६.प्रति युवा तरकारी खेतीको हकमा प्रति सिजन १ विघाका दरले २ सिजन वा एकैपटक भए २ बिगाह क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गरेको,फलफुल तथा नगदे बाली भए कम्तीमा १५ कठ्ठामा र माछा भए कम्तीमा १ हे. जलाशय क्षेत्रमा हुनुपर्नेछ। साथै कन्ये च्याउको हकमा २ वटा प्लाष्टिक घर निर्माण गरी कम्तिमा ३०० डल्ला बनाई खेती गर्न पर्नेछ

७. छनौट भएका युवा कृषकले प्राप्त अनुदान रकम बराबरको अनिवार्य आफ्नो लगानी गर्नुपर्ने छ।

८.दरखास्तमा खेती गरिने बाली, क्षेत्रफल, खरिद गरिने सामग्री तथा सो मा लाग्ने अनुमानित खर्च (अनुदान तथा कृषकको रकम) र अनुमानित आय व्ययको विवरण समेत खुलाई आसय पत्र पेश गर्नुपर्नेछ।

९.प्रस्ताव फारम राजस्व शुल्क रु. २५०।- दाखिला गरी १ प्रति रसिद संलग्न राखी दर्ता गराउन सकिनेछ।

१०. छनौट भएका आवेदकहरुले सम्झौता तथा कार्यादेश प्राप्त गरे पश्चात कुनै कारणवस स्कीम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन ,कानुन तथा नियम बमोजिम कारवाही गरिनेछ।

११.महिला ,दलित , जनजाति, मुक्त कमैया ,तेस्रो लिंगी ,पिछडिएका तथा विपन्न वर्गका युवालाई विशेष प्राथमिकता दिईनेछ

१२. प्रस्तावको नमुना फारम ठाकुरबाबा नगरपालिका को कृषि शाखामा प्राप्त गर्न सकिनेछ।

नि. प्रशासकिय अधिकृत

# ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

[illegible]

प.सं. ०७४/०७५, कृषि शाखा [illegible] मिति: २०७४/०९/२०

चलानी नं.: ४३०

सूचना ! सूचना !! सूचना !!!

**विषय** : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत ब्लक क्षेत्रका पुराना मत्स्य उत्पादक कृषकहरुद्वारा पोखरी मर्मत प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका कृषि शाखा को स्वीकृत आ.व.०७४/०७५ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** अन्तर्गत पुरानो मत्स्य पोखरीहरुलाई प्रति हेक्टर रु.२००००/- (अक्षरेपी बिस हजार मात्र) अनुदान दिई कृषकहरुलाई माछा पालनमा क्रियाशिल बनाउने कार्यक्रम रहेकोले यस नगरपालिका भित्र गत ५ वर्ष देखि माछा पालन गर्दै आएका मत्स्य कृषकहरु ले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल अनुसारका आवश्यक कागजातहरु संलग्न राखी विस्तृत लागत इस्टीमेट सहित यस कार्यालयको कृषि शाखामा आवेदन बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक शर्त तथा कागजातहरु** :

१ कम्तीमा ०.२ हेक्टर जलाशय क्षेत्रफल जग्गा मा माछा पालन गरेको हुनुपर्ने ।

२ ब्लक स्थापना पश्चातको कम्तीमा १० वर्ष माछा पालन गर्ने प्रतिबद्धता पत्र ।

३ पोखरी मर्मत गर्ने व्यक्ती/फर्म तथा समूह बैठकको निर्णय प्रतिलिपी ।

४ माछा पालनमा सक्रिय रहेको वडा कार्यालयको सिफारिस तथा नगर स्तरिय कृषक समन्वय समितिको सिफारिस ।

नि. प्रमुख प्रशासकीय अधिकृत

# ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सैनवार,बर्दिया

पत्र सं.: [illegible] कृषि शाखा, [illegible] | मिती: २०७४।०९।३० गते

चलानी नं. ४२९

---

**सुचना ।** **सुचना ॥** **सुचना ॥।**

**विषय :** प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना मत्स्य ब्लक उत्पादनमा नया पोखरी निर्माण सम्बन्धमा ।

प्रस्तुत विषयमा बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका कृषि शाखा को स्वीकृत आ.ब.०७४/०७५ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** अन्तर्गत २.५ हे. जलाशय क्षेत्रफलमा नया पोखरी स्थापना गर्ने कार्यक्रम रहेकोले यस नगरपालिका भित्र कृयाशिल कृषि समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमीहरु त्था कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपशिल अनुसारका आवश्यक कागजातहरु संलग्न राखी विस्तृत माछा पालन योजना सहीत यस कार्यालयको कृषि शाखामा आवेदन बुझाउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

९।३०

प्रशासकिय अधिकृत

**आवश्यक कागजातहरु :**

१.कम्तीमा ३ कठ्ठा जालाशय क्षेत्रफलको जग्गा धनिको पुर्जाको प्रतिलिपी । सम्झौता पत्रको प्रतिलिपिहरु

२.मत्स्य ब्लक क्षेत्रभित्र बसोवास गरी कम्तीमा १० वर्ष माछा पालन व्यावशाय गर्ने प्रतिवद्धता ।

३.माछा पोखरी खन्न उपयुक्त भएको जग्गा,व्यक्ती तथा समुह/ सहकारी/ फार्मको बैठकको निर्णय प्रतिलिपी ।

४.वडा कार्यालयको सिफारिस/ नगर स्तरिय कृषक समन्वय समितिको सिफारिस ।

९।३०

नि. प्रशासकिय अधिकृत

# ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बर्दिया

पत्र सं : ०७४/०७५ कृषि शाखा, मगनाहा

मिती: २०७४।०९।२० 

चलानी नं: २२६

---

**सुचना ।** **सुचना ॥** **सुचना ।॥**

**विषय :** प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तरगतका पकेटहरुले प्रस्तावना पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका कृषि शाखा को स्वीकृत आ.व.०७४ ०७५ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** अन्तर्गत पुरानो ३ वटा पकेट लाई अनुदान दिई व्यावशायीक बनाउने कार्यक्रम रहेकोले यस नगरपालिका भित्र गत आ.व.मा जि.कृ.वि.का बाट पकेटमा छनोट भएका कृषि समुह, ले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल अनुसारका आवश्यक कागजातहरु संलग्न राखी मौसम सुहाउदो बालीको विस्तृत उत्पादन योजना सहीत यस कार्यालयको कृषि शाखामा आवेदन बुझाउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

९।२०

नि. प्रशासकिय अधिकृत

आवश्यक कागजातहरु :

१.कम्तीमा १० हेक्टर क्षेत्रफल जग्गा धनिको पुर्जाको प्रतिलिपी । सम्झौता पत्रका प्रतिलिपिहरु
२.पकेट स्थापना पश्चातको प्रगती तथा अबको लागत स्टीमेट सहितको आसय पत्र ।
३.पकेट नविकरण गर्ने समुह बैठकको निर्णय प्रतिलिपी ।
४.वडा कार्यालयको सिफारिस/नगर स्तरिय कृषक समन्वय समितिको सिफारिस ।

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सेनवार, बर्दिया

पत्र सं. ०७४/०७५ कृषि शाखा, [illegible]

चलानी नं. ५२६

मिती: २०७४।०९।३० गते

**सुचना ।** **सुचना ॥** **सुचना ॥।**

**विषय** : प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना नयाँ पकेट सम्वन्धमा ।

प्रस्तुत विषयमा बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका कृषि शाखा को स्वीकृत आ.व.०७४ ०७५ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** अन्तर्गत नयाँ ४ वटा पकेट स्थापना गर्ने कार्यक्रम रहेकोले यस नगरपालिका भित्र कृयाशिल कृषि समुह, कृषि सहकारी, कृषि फार्म उद्यमीहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल अनुसारका आवश्यक कागजातहरु संलग्न राखी मौसम सुहाउदो बालीको विस्तृत उत्पादन योजना सहीत यस कार्यालयको कृषि शाखामा आवेदन बुझाउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

९।३०

नि. प्रमुख प्रशासकिय अधिकृत

**आवश्यक कागजातहरु :**

१.कम्तीमा १० हेक्टर क्षेत्रफल जग्गा धनिको पुर्जाको प्रतिलिपी । सम्झौता पत्रका प्रतिलिपी ।
२.पकेट स्थापनाका लागी स्टीमेट सहितको आसय पत्र ।
३.पकेट माग सम्वन्धी समुह सहकारी फार्मको बैठकको निर्णय प्रतिलिपी ।
४.वडा कार्यालयको सिफारिस नगर स्तरिय कृषक समन्वय समितिको सिफारिस ।